# माननीय मन्त्रीज्यूको पदवहाली भएको मिति २०८३।०१।०२ देखि २०८३।०४।०७ सम्मको १०० दिनभित्रमा उद्योग तथा पर्यटन मन्त्रालयबाट सम्पादन भएका मुख्यमुख्य कार्यहरू

## १. कानुन निर्माणः

- **स्वीकृत भएका ऐन, नियमावली, कार्यविधि तथा मापदण्डहरूः**
  - गण्डकी प्रदेशमा गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८३ (प्रदेश सभाबाट पारित भएको)
  - कोसेली घर सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८३ (मन्त्रालयबाट स्वीकृत)
- **स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेश भएका नीति र नियमावली**
  - गण्डकी प्रदेश पर्यटन नीति, २०८३
  - गण्डकी प्रदेश घरेलु मदिरा नियमावली, २०८३
  - प्रदेश औद्योगिक व्यवसाय नियमावली(पहिलो संशोधन), २०८२
- **स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेश गर्न तयारी गरिएको नीति**
  - गण्डकी प्रदेश वाणिज्य नीति, २०८३

## २. नीति, कार्यक्रम तथा बजेट तर्जुमाः

आ.व. २०८३।०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाको कार्य सम्पन्न भएको छ। दोस्रो पञ्चवर्षीय योजना र पर्यटकीय राजधानी घोषणा अध्ययन प्रतिवेदनले पहिचान गरेका कार्यक्रमलाई विशेष प्राथमिकतामा राखी बजेट विनियोजन भएको छ।

## ३. वार्षिक प्रगतिः

मन्त्रालय तथा मातहतका निकायहरूसमेतको जम्मा खुद बजेट रू. ८५,२२,३५,४७२ रहेकोमा रू. ५८,०१,४८,००० खर्च भई कुल वित्तीय प्रगति ६८.०७% रहेको छ।

## ४. प्रदेश औद्योगिक क्षेत्र निर्माणः

गण्डकी प्रदेशको प्रस्तावित लोकाहाखोला औद्योगिक क्षेत्र, नवलपरासी (व.सु.पू.) र पुँडीटार औद्योगिक क्षेत्र कास्की र तनहुँ क्षेत्रमा सम्बन्धित जिल्लाको डिभिजन वन कार्यालयबाट क्षेत्रफल एकिन, रूख गणना र छपान कार्य सम्पन्न भइ प्राप्त भएको प्रतिवेदनको आधारमा रूख/पोलको संख्या घटबढ भएका कारण वातावरणीय व्यवस्थापन योजना (EMP) परिमार्जनको प्रक्रिया अगाडि बढाइएको छ।

## ५. पर्यटन प्रवर्द्धनः

- गण्डकी प्रदेश भित्र स्थायी बसोवास भई नेपालका ८ हजार मिटर भन्दा अग्ला हिमालहरु मध्ये कम्तीमा एकवटा हिमाल आरोहण गरेका ६ जना पर्वतारोहीहरुलाई माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा रु ४५००० जनही नगद सहयोग सहित सम्मान गर्ने कार्य सम्पन्न ।
- निजी क्षेत्रको सहकार्यमा देशका विभिन्न ठाउँहरूमा पर्यटकीय गन्तव्यहरु तथा पर्यटकीय राजधानी पोखराको बारेमा प्रचार प्रसार कार्यक्रम सम्पन्न भएको।
- प्रदेश भित्रका पर्यटकीय गन्तब्यहरुको प्रवर्द्धन गर्ने हेतुले प्रथम पटक धवलागिरी हिमाल आरोहण गरेको ७५औ बर्षको अवसर पारेर म्याग्दी जिल्लाको धवलागिरी गाँउपालिका ४ मुना देखी धवलागिरी आधार शिबीर प्रवेश द्वार मुदी गाँउसम्म पर्यटन सँग सम्बन्धित संघ संस्थाहरुको सहकार्यमा १०० जना भन्दा बढीको सहभागितामा दुई दिने पैदल यात्रा सम्पन्न भयो । साथै अन्नपुर्ण हिमाल आरोहण गरेको ६५औ बर्षको अवसर पारेर लमजुङ जिल्लाको सुन्दरबजार नगरपालिका ८ भोटेओडार देखि दोर्दी गाउँपालिका वडा न ३ श्रीमन्ज्याङ लामागाउँ सम्म करिव ६० जना भन्दा बढीको सहभागितामा पदयात्रा सहित अन्नपुर्ण आरोहण दिवस मनाउने काम सम्पन्न । उक्त दुवै कार्यक्रमहरू माननीय मन्त्रीज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।
- देशकै प्रख्यात र प्रमुख पदमार्ग ABC (अन्नपुर्ण वेस क्याम्प) क्षेत्रका बासिन्दाहरुको जीवनस्तरमा सुधार ल्याउन ४ वटा क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न ।
- पोखरामा भारतीय पर्यटकहरूको चाप बढीरहेको सन्दर्भमा पर्यटन क्षेत्रसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय बैठक भएको ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने सन्दर्भमा फ्लाई दुबइका प्रतिनिधिहरूसँग मन्त्रालयमा भेटघाट तथा छलफल भएको।
- मित्रराष्ट्र चीनका उद्योग व्यवसायीहरूसँग उद्योग तथा पर्यटन क्षेत्रका व्यवसाय, योजना तथा भावी परियोजनाका बारेमा भेटघाट तथा छलफल भएको।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौंमा माननीय मन्त्री खडकराज पौडेल (गनेश) सँग गण्डकी प्रदेशको पर्यटन विकास र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन सम्बन्धी विषयमा माननीय मन्त्रीज्यूको भेटघाट तथा छलफल भएको।

## ६. औद्योगिक प्रवर्द्धनः

- **सिपमूलक तालिमः** मन्त्रालय र तालिम प्रदायक निजी संघ/संस्थाहरूको साझेदारीमा ५ वटा सिपमूलक तालिम सम्पन्न भएको छ र यसबाट १०० जनाले निःशुल्क तालिम प्राप्त गरेका छन्।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

- **उद्यमी प्रोत्साहनः** गण्डकी प्रदेशमा सञ्चालनमा रहेका परम्परागत शिल्पमा आधारित ५ वटा उद्योग र स्थानीय कच्चा पदार्थमा आधारित ६ वटा उद्योगलाई आधुनिक प्रविधिको उपकरण खरिदका लागि अनुदान उपलब्ध गराइएको छ।
- **उद्यमशीलता र रोजगारी प्रवर्द्धनः** गण्डकी प्रदेशका पाँचवटा स्थानीय तहसँगको सहकार्य र सहलगानीमा वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन (GEEP) कार्यक्रम सम्पन्न भएको छ। यस कार्यक्रममा सहभागी भएका कुल ६०६ जना उद्यमीहरूका बिच विभिन्न विधा र चरणमा प्रतिष्पर्धा गराउँदै प्रत्येक स्थानीय तहमा उत्कृष्ट ४०, उत्कृष्ट २०, उत्कृष्ट १० गर्दै अन्तिममा १ जनालाई सर्वोत्कृष्ट उद्यमी घोषणा गरी कार्यक्रम सम्पन्न भएको छ। सहभागी उद्यमीहरूको स्तरीकरण र द्रुतीकरणका लागि विभिन्न विषयमा प्रशिक्षण, अन्तरक्रिया, अवलोकन भ्रमण जस्ता कार्यक्रम आयोजना गरिनुका साथै उद्योगको प्रविधि सुधारका लागि आधुनिक उपकरण खरिदमा साझेदारी अनुदान पनि उपलब्ध गराइएको छ। यस कार्यक्रममा मन्त्रालयको कुल २ करोड रूपैयाँ लगानी रहेको छ भने २०० जना उद्यमी यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

<u>आन्तरिक व्यवस्थापनः</u>

- **लिलाम तथा मिनाहाः** २०८२ भाद्र २३ र २४ को जेन्जी आन्दोलनको क्रममा क्षतिग्रस्त भएका सवारी साधन लगायतका अन्य सम्पत्तिहरूको मिनाहा प्रक्रिया पूरा गरी सवारी साधनहरूको बिमा वापतको रकम रू. १ करोड ११ लाख प्रदेशको राजस्व खातामा आम्दानी दाखिला भएको छ। साथै पत्रु सामानहरूको लिलामी प्रक्रिया अन्तिम चरणमा पुगेको।

०८३।०४।०६

..............................

(महराज ढकाल)

उपसचिव

मितिः २०८३।०४।०७